का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १०४
- २२ जेठ २०७७, बिहीबार
- 4 June 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २३०० जना | २७८ जना | ८०२६७ | २०१३ | ९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ६४ लाख ८४ हजार | ३० लाख ८९ हजार | ३ लाख ८३ हजार | ३० लाख ११ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# 'महिना दिनमा १५ हजार पुग्नसक्छ'

- लक्षण नदेखिएकालाई घरकै आइसोलेसनमा राखिने
- भारतबाट दुई लाख भित्रिएको अनुमान
- बुधबार थपिए २०१ संक्रमित, संक्रमित संख्या २३०० पुग्यो
- २० प्रयोगमा दैनिक झण्डै तीन हजार परीक्षण
- ७६ वर्षीय बृद्धको मृत्यु, मृतक संख्या ९ पुग्यो
- निको भएर फर्कने संख्या २७८, ६४ जिल्लामा संक्रमण

**बुधबार २०१ संक्रमित थपिएसँगै संक्रमित संख्या २३०० पुगेको छ भने ९ जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले संक्रमित संख्या एक महिनामा १५ हजारसम्म पुग्ने बताएका छन्।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ जेठ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले एक महिनामा १५ हजार संक्रमित पुग्न सक्ने बताएका छन्। बुधबार आयोजित एक कार्यक्रममा मन्त्री ढकालले यो महिनाभित्रै संक्रमित संख्या दश देखि १५ हजारसम्म पुग्नसक्ने बताएका हुन्।

"दुई हजार नाघिसक्यो। यो संख्या १५ हजारसम्म पुग्न सक्छ", मन्त्री ढकालले भने। उनले अहिलेकै गतिमा संक्रमित पुष्टि भए संक्रमित संख्या १५ हजार पुग्ने बताएका हुन्। मन्त्री ढकालले संक्रमितको उपचार प्रणालीमा पनि परिवर्तन गरिने बताएका हुन्। अहिले लक्षण नदेखिएका संक्रमित भेटिएका छन्। तर, लक्षण भएका बिरामी भेटिन थाले अहिलेको विधि परिवर्तन हुने उनले बताए।

"संक्रमित संख्या बढ्दै जाँदा लक्षण देखिएका संक्रमितलाई मात्रै अस्पतालमा राखिने र लक्षण नदेखिएकालाई घरमै आइसोलेसनमा राखिनेछ", मन्त्री ढकालको भनाइ छ। संक्रमण रोग विषशेज्ञ शेरबहादुर पुनले पनि अहिलेकै गतिमा संक्रमित पुष्टि भए एक महिनामा दश हजार थपिने बताए।

अहिले देशभर २० प्रयोगशालामा दैनिक तीन हजारको हाराहारीमा परीक्षण भइरहेको छ। त्यस मध्ये अढाइ सयको हाराहारीमा संक्रमित पुष्टि भइरहेको छ। विशेषगरी भारतबाट फर्किएकाहरुमा संक्रमण देखिएको छ। सरकारी तथ्याङ्कअनुसार, भारतबाट दुई लाख भित्रिएको अनुमान गरिएको छ।

यो हिसाबले एक महिनाभित्र १५ हजार संक्रमित भेटिन सक्ने मन्त्रालयले अनुमान गरेको छ। अहिले नै नेपालमा बनाइएका क्वारेन्टिन र आइसोलेसनको अभाव भइसकेको छ। क्वारेन्टिनको अभाव भएपछि विद्यालय र कलेजहरुमा आइसोलेसन बनाउन थालिएको छ।



प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार आयोजना गरेको कोरोना भाइरस रोकथाम र बन्दाबन्दी व्यवस्थापनका विषयमा अर्थ र स्वास्थ्य क्षेत्रका विज्ञसँगको छलफलमा सहभागी। *तस्वीर: प्रधानमन्त्रीको निजी सचिवालय*

### एकको मृत्यु, २०१ संक्रमित


देशभरका विभिन्न स्वास्थ्य प्रयोगशालामा गरिएको पछिल्लो परीक्षणमा थप २०१ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। ती मध्ये १७९ पुरुष र २२ जना महिला छन्। यससँगै नेपालमा कोरोना संक्रमितको संख्या जम्मा दुई हजार ३०० पुगेको छ।

कोरोनाका कारण दोलाखाका ७६ वर्षीय पुरुषको उपचारका क्रममा बुधबार निधन भएको मन्त्रालयले जनाएको छ। जेठ १३ गते काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा उपचारका लागि भर्ना भएका र 'हेमोराइजिक स्ट्रोक' देखिएपछि अप्रेसन गरिएको थियो। साथै जेठ १५ गते स्वाब परीक्षण पश्चात कोरोना संक्रमण देखिएपछि थप उपचारका उनलाई त्रिवि शिक्षण अस्पताल लगिएको थियो। योसँगै नेपालमा कोरोनाका कारण निधन हुनेको संख्या नौ पुगेको मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले बताए।

बुधबार मात्रै १२ जना संक्रमित व्यक्ति कोरोनालाई जितेर घर फर्किएका छन् भने हालसम्म कोरोना संक्रमण निको भएर घर फर्किनेको संख्या २७८ पुगेको छ। पछिल्लो २४ घण्टामा मुलुकभर पिसिआर विधिबाट चार हजार ९२४ र आरडिटी विधिबाट चार हजार ३४ परीक्षण गरिएको उहाँले जानकारी दिए। हाल मुलुकभर एक लाख ५५ हजार ८६८ व्यक्ति विभिन्न क्वारेन्टिनमा छन्। नेपालमा हालसम्म ६४ जिल्लामा कोरोना संक्रमण फैलिएको छ।

# पछि हटे अर्थमन्त्री

**अढाइ महिना लामो लकडाउनले सम्पूर्ण अर्थतन्त्र प्रभावित भए पनि यसबारे कुनै ध्यान नदिइ कर दाखिला गर्ने सूचना जारी गरेका अर्थमन्त्री युवराज खतिवडा अन्ततः पछि हट्न बाध्य भए।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ

व्यवसायी तथा जनस्तरबाट व्यापक रुपमा सरकारको आलोचना भएपछि सरकारले अन्ततः कर तिर्ने समय असार ७ गते सम्मका लागि थपेको छ। आन्तरिक राजस्व विभागले मंगलबार सूचना जारी गर्दै जेठ २५ गतेभित्र कर भुक्तानी गरिसक्ने मितिलाई आगामी असार ७ गतेसम्मका लागि सारेको हो।

नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरुले अर्थसचिव शिशिर कुमार ढुंगानालाई भेटेर कर तिर्न नसक्ने बताएका थिए। सोही अनुसार अर्थसचिव शिशिर कुमार ढुंगानाले कर तिर्ने समयावधि बढाउन आश्वासन दिएका थिए। उनले आश्वासन दिएलगत्तै विभागले एक सूचना जारी गर्दै कर तिर्ने समय बढाएको हो। लकडाउनको अवधिमा कर तिर्न उर्दी जारी गरेकोमा मंगलबार करदाता उद्योगी व्यवसायीमात्रै नभइ सर्वसाधारणले पनि अर्थमन्त्री डा. युवराज खतिवडाको आलोचना गरेका थिए।

कर तिर्न उर्दी जारी गरिएको प्रति नेकपाकै नेता कार्यकर्तासमेत रुष्ट भएका थिए। आफ्नै पार्टीको सरकारका अर्थमन्त्री खतिवडाप्रति नेकपा कार्यकर्ताले सामाजिक संजालमा विरोध जनाएका थिए। निरन्तरको लकडाउनले आर्थिक कारोबार ठप्प रहेको अवस्थामा उक्त सूचना जारी गरिनु असंवेदनशील निर्णय भन्दै सामाजिक संजालमा पोस्टहरू देखिएका थिए।

उद्योगी व्यवसायीसँगै प्रमुख प्रतिपक्षी दल कांग्रेसले पनि सरकारले ठीक नगरेको जनाएको थियो। त्यही भएर बुधबार जारी भएको सूचनामा अघिल्लो दिनजस्तो असार ७ गतेभित्र नबुझाएमा ब्याज तथा जरिवाना तिर्नुपर्ने लगायतका कडिकडाउ गर्ने भाषा उल्लेख छैन।

सरकारले जेठ ३२ गतेसम्म लकडाउन गर्ने घोषणा गरेको छ। विभागले असार ७ गतेसम्म कर तिर्न अर्को सूचना जारी गरेको छ।

बुधबार जारी गरिएको आयकरको अनुमानित विवरण र चैतसम्मको कर असार १५ गतेसम्म तिर्नुपर्ने उल्लेख छ। मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र बाँकी आयकर असार ७ सम्म तिरिसक्न सूचनामा भनिएको छ।

सूचनामा अन्तशुल्क ऐन. २०५८ बमोजिम २०७६ फागुन. चैत्र र २०७७ वैशाख महिनाको बुझाउनु बाँकी पृष्ठ २ मा

# फ्रि टिकटको माग गर्दै सर्वोच्चमा रिट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण रोजगारी गुमाई वा अन्य कारणले बाध्यतावश स्वदेश फर्किनुपर्ने नेपालीलाई सरकारले नै हवाई टिकट उपलब्ध गराउनुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट दायर भएको छ।

सरकारले गत जेठ १२ गते जारी गरेको नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ मा जहाज भाडा र क्वारेन्टिन खर्च लगायतका सम्पूर्ण खर्च सम्वन्धित व्यक्ति आफैंले व्यहोर्नुपर्ने र भारतबाट आउनेले स्थानीय तहले सञ्चालन गर्ने क्वारेन्टिनसम्मको यातायात खर्च आफैं व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ।

सरकारले जारी गरेको आदेश संविधान र प्रचलित कानून विपरित रहेको भन्दै अधिवक्ता बरुण घिमिरेलगायतले बुधबार सर्वोच्च अदालतमा रिट दायर गरेका हुन्। नेपाल सरकारले वैदेशिक रोजगारबाट फर्किने व्यक्ति स्वयंलाई हवाई टिकट भाडा तिराउने व्यवस्था गर्नु संविधान तथा वैदेशिक रोजगार ऐनको व्यवस्था विपरीत रहेको रिटमा दावी गरिएको छ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५ (२) मा नेपाली कामदार रहेको मुलुकमा महामारी फैलिए कामदारलाई तत्काल फिर्ता गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको र ऐनको दफा ३३ (१) मा समेत उद्धारको कार्यमा वैदेशिक रोजगार कल्याणकारी कोषको रकम प्रयोग गर्ने व्यवस्था रहेको छ। रिटमा कानूनको उक्त व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्न माग गरिएको छ।

नेपालले चीनबाट नेपाली विद्यार्थीहरुलाई उद्धार गर्दा सरकारले सरकारी कोषबाट लगानी गरेको भन्दै अन्यलाई उद्धार गर्दा त्यसको विपरित हुन नहुने गर्दै रिटमा उल्लेख छ।




## वैदेशिक रोजगार विशेष

### फर्किने कामदारलाई क्षतिपूर्ति दिन पिपुल्स फोरमको माग

**काठमाडौं/मस–** मानव अधिकारका लागि जनमञ्च (पिपुल्स फोरम) ले (कोभिड-१९) का कारण विदेशमा रोजगारी गुमाएका कामदारको उद्धार र स्वास्थ्य उपचार नि:शुल्क गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग माग गरेको छ। पिपुल्स फोरमले बुधबार श्रम मन्त्रालयका निमित्त सचिव बाबुराम अधिकारीलाई नीतिपत्र हस्तान्तरण गर्दै उक्त माग गरेको हो।

विदेशबाट फर्किने कामदारको सम्बन्धमा गरिनुपर्ने प्रबन्ध सम्बन्धी सिफारिश गरिएको नीतिपत्रमा फोरमले बाध्यतावश फर्कन लागेका कामरदारलाई फर्काइनुअघि उनीहरुले पाउने तलव सुविधा अनिवार्य रुपमा दिलाएर मात्र नेपाल फर्काउने प्रबन्ध गर्न सुझाव दिइएको छ।

फोरमले नेपाली कामदारको रोजगारी स्वास्थ्यको सुरक्षा, उपचार र रोजगारी गुमाएका कामदारको सोही गन्तव्य मुलुकमा कामको विकल्प खोजी सहजीकरण गर्नुपर्ने उल्लेख गर्दै नीतिपत्रमा वैदेशिक रोजगारीबाट फर्किने कामदारहरुलाई क्षतिपूर्ति नेपाल सरकारले दिनै पर्ने भन्दै वैदेशिक रोजगार कल्याणकारी कोषमा रहेको ६ अर्ब रकममध्ये बाँकी पृष्ठ २ मा

# रोग र भोक टार्ने कार्यक्रम !

**कोभिड-१९ को महामारीबाट सिर्जित असरबाट जनताको जीवन र अर्थतन्त्र जोगाउने केन्द्रीत हुनेगरी आएको कर्णाली प्रदेशको नीति तथा कार्यक्रम पारित भएको छ।**

**सुर्खेत/मस–** कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम पारित भएको छ। प्रदेशसभाको छैटौं अधिवेशनको आठौं बैठकले मङ्गलबार सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो।

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सरकारको नीति तथा कार्यक्रम पारितका लागि प्रदेशसभा बैठकमा पेश गर्नुभएको प्रस्ताव बहुमतले पारित भएको हो। सरकारको नीति तथा कार्यक्रममा भने प्रतिपक्षी दल नेपाली काँग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले संशोधन प्रस्ताव पेश गरेका थिए। सभामुख राजबहादुर शाहीले नेता शाहीलाई संशोधनको प्रस्ताव फिर्ता लिन अनुरोध गरे।

नेता शाहीले उक्त संशोधन प्रस्ताव फिर्ता नलिने घोषणा गरे। संशोधनका सो प्रस्तावलाई बैठकमा सत्ता पक्षका सदस्यहरुको बहुमतले अस्वीकृत गरेको थियो। प्रतिपक्षी दलले प्रदेशसभामा संशोधन प्रस्ताव फिर्ता नलिए पनि प्रदेशसभा सदस्यहरुको बहुमतले प्रदेश सरकारको नीति तथा कार्यक्रम पारित भएको छ।

रोग र भोकमा लक्षित

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले महामारी र भोकमरीबाट जनतालाई बचाउन प्रदेश सरकार केन्द्रित रहेको बताएका छन्। प्रदेशसभाको छैटौं अधिवेशनको आठौं बैठकमा प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिँदै मुख्यमन्त्री शाहीले नीति तथा कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई बजेटमार्फत पूरा गरिने विश्वास व्यक्त गरे। प्रदेश सरकारले कोष खडा गरेर क्वारेन्टिन व्यवस्थापनमा स्थानीय तहलाई जिम्मेवार बनाइएको उनले बताए।

क्वारेन्टिन व्यवस्थापनपछि परीक्षण नै मुख्य समस्या रहेको उनको भनाइ छ। दुई पिसीआर मेसिन छन्। भारतबाट आउने नागरिकको सङ्ख्या बढेको बढ्यै छ। "अहिलेको मेसिनबाट सम्भव छैन। तीन वटा मेसिनबाट परीक्षण कार्य अघि बढाउने प्रयास भएको छ" उनले भने, "पिसीआर र आरडिटी दुवै विधिबाट परीक्षण गर्ने नीति लिएका हौं।" मुख्यमन्त्री शाहीले पिसीआर खरिद प्रक्रिया अघि बाँकी पृष्ठ २ मा

## संसद बैठक सञ्चालन खर्च बढ्यो

# दैनिक खर्च साढे आठ लाख

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ

कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथामका लागि सतर्कता अपनाउँदा संघीय संसद बैठकको सञ्चालन लागत बढेको छ। कोभिड १९ संक्रमणको जोखिमबाट बच्न र बचाउनका लागि सामाजिक दुरी कायम गर्नुपर्ने तथा २५ जना भन्दा धेरै भेला हुन नपाइने सरकारको निर्णयका बाबजुत संघीय संसदको छैटौं अधिवेशन चलिरहेको छ ।

कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको लकडाउन कै समयमा शुरु भएको संघीय संसदको छैटौं अधिवेशन सञ्चालनका लागि सामाजिक दुरी कायम गरी गरिने सिट व्यवस्थापन, फर्निचर मर्मत लगायत केही प्राविधिक शिर्षकमा थप लागत बढेको हो ।

त्यसैगरी बैशाख २६ गते देखि शुरु भएको संघीय संसदको छैटौं अधिवेशनका बैठक सञ्चालका लागि अपनाउनुपर्ने स्वास्थ्य सतर्कता भएको खर्च लगायतले



प्रतिदिन बैठक सञ्चालन लागत बढाएको हो । सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले समान्य अवस्थामा प्रति दिन प्रति बैठक ७ लाख रुपैयाँ खर्च हुने गरेकोमा अहिले १ लाख ५० हजार रुपैयाँले प्रतिबैठक लागत बढेको बताए । अहिले संघीय संसद बैठक खर्च प्रतिदिन ८ लाख ५० हजारसम्म पुगेको छ ।

यो बैठक कार्यकक्ष सरसफाइ, प्रविधि जाँच, सुरक्षा प्रबन्ध, प्रत्यक्ष प्रशारणको चेकजाँच, जनशक्ति परिचालन, संसद भवनको वार्षिक भाडा, विजुली, पानी सांसदहरुको बैठकभत्ता, यातायात खर्च लगायत कोरोनाको सुरक्षामा अपनाइएका स्वास्थ्य सतर्कमा भएको खर्चहरुको एकमुष्ट रकम हो । तर यसमा सांसदहरु, बैठक सञ्चालनका लागि आवश्यक सचिवालयलका कर्मचारी, मर्यादापालक तथा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका गरी झण्डै ८ सय जनाको कोरोना पीसीआर परीक्षण वापतको खर्च समावेश नभएको प्रवक्ता पाण्डेले बताए ।

सचिवालयले सामाजिक दुरी कायम गरी बैठकको सिट व्यवस्थापनको संरचना, फर्निचर मर्मत तथा ५० थान माईक थप गर्दा ३० लाख रुपैयाँ खर्च भएको जनाएको छ । त्यसैगरी थर्मल गन २० थान, पीपीई ५ थान, एन ९५ मास्क २५ थान, केही सर्जिकल मास्क, सेनिटाईजर, साबुन तथा डिसइन्फेक्सनका सामग्री खरिदमा ५ लाख रुपैयाँ थप खर्च भएको सचिवालयले जनाएको छ । प्रवक्ता डाक्टर पाण्डेले कोभिड १९ संक्रमणको अवस्था लम्बिँदै गएमा विषयगत समिति सञ्चालनका लागि पनि सामाजिक दुरी कायम गर्ने गरी हल र सिट व्यवस्थापन गर्नुपर्ने भएमा बैठक सञ्चालन खर्च थप वृद्धि हुने बताए ।

महामारीको संक्रामक अवस्थामा सञ्चालित संघीय संसदका दुवै सदनको बैठकमा सांसदहरुको उपस्थिति भने सन्तोषजनक देखिएको छैन । बजेट पूर्व, नीति तथा कार्यक्रमको साथै बजेटमाथिको सैद्धान्तिक छलफलमा सांसदहरुको उपस्थिति न्यून देखिएको छ ।

# तरकारी नष्ट गर्न नदिन गृहको निर्देशन

**काठमाडौं/मस-** सरकारले उत्पादित तरकारी नष्ट गर्न नदिन र उत्पादनलाई बजारसम्म पुऱ्याउने व्यवस्था मिलाउन निर्देशन दिएको छ । बुधबार गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै उत्पादित तरकारी नष्ट गर्न नदिन र उत्पादनलाई बजारसम्म पुऱ्याउने व्यवस्था मिलाउन निर्देशन दिएको हो ।

स्थानीय कृषि उत्पादन खान मिल्दैन भनेर ढुवानी रोक्ने र नष्ट गर्ने क्रम देखिएको भन्दै गृहले त्यसलाई रोक्न र बजारसम्म पुऱ्याउनका लागि समन्वय गर्न निर्देशन दिएको हो । गृहले पठाएको परिपत्रमा किसानलाई निरुत्साहित हुने जस्ता गतिविधि रोकी उत्पादनलाई सहजरुपमा बजारमा पुऱ्याउने व्यवस्थाका लागि आवश्यक समन्वय गर्न भनिएको छ ।

पटक-पटक जिल्लामा तरकारी नष्ट गर्ने क्रम नरोकिएपछि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा अवरोध आइरहेको सन्दर्भमा त्यसलाई रोक्न मागसहित गृहमा पत्र पठाएको थियो । मन्त्रालयले



अन्यत्र जिल्लाबाट ल्याएको कृषि उपजको ढुवानी तथा बिक्री वितरण गर्न नदिई जफत गरी नष्ट गरिएको भन्ने सन्दर्भमा मन्त्रालयले यस्ता कार्यले कृषिउपज खेर जाने मात्र नभई कृषकको मनोबल खस्कने, उत्पादन घट्ने र पुनः आयातकै भर पर्नुपर्ने अवस्था सिर्जना हुन आउनेतर्फ सचेत गराएको छ ।

यस्ता कार्य कहीँ कतैबाट हुन नदिन र कृषकका उत्पादन सहजरुपमा ढुवानी र बिक्री वितरण हुने व्यवस्था मिलाउनसमेत मन्त्रालयले सम्बद्ध सबैमा अनुरोध गरेको छ । उक्त विषयमा नेपाल सरकारले गत वैशाख दोस्रो साता निर्णय गर्दै स्वास्थ्य मापदण्ड अपनाएर कृषिकर्म सञ्चालन गर्ने निर्णय गरिसकेको छ । वैशाख १५ गते नै कृषि मन्त्रालयले विज्ञप्तिमार्फत जमिन बाँझो नराख्न, कृषि कर्मलाई निर्वाधरुपमा सञ्चालन गर्न, उत्पादित वस्तुको बजारीकरणको काम निर्वाधरुपमा सञ्चालन गर्न र काम गर्दा सुरक्षात्मक उपाय अपनाउन अनुरोध गरेको थियो ।

आर्थिक समृद्धिका लागि कृषि क्षेत्रको विकास अपरिहार्य भएको सन्दर्भमा किसानका उत्पादनलाई नष्ट गरेर किसानलाई हतोत्साही हुने कार्य गलत भएको भन्दै सामाजिक सञ्जालमा त्यसको व्यापक विरोध भइरहेको छ ।

# स्थानीय तहको परिभाषा सच्याउन माग



**काठमाडौं/मस-** सांसदहरुले संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सम्बन्धी विधेयकमा स्थानीय तहको परिभाषा भित्र जिल्ला समन्वय समितिलाई छुटाइएको भन्दै सच्याउन माग गरेका छन् । संविधानमा जिल्ला समन्वय समितिलाई पनि स्थानीय तह भित्र राखिएकाले विधेयकमा छुटाउन नहुने सांसदहरुले बताएका छन् ।

संघीय संसद प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा संघ प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थितगर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलका क्रममा सांसदहरुले स्थानीय तहको परिभाषा भित्र जिल्ला समन्वय समितिलाई राख्नुपर्ने मत राखेका हुन् । सांसद जनार्दन शर्माले स्थानीय तहको सम्बन्धमा पालिका र जिल्ला समन्वय समितिको भूमिका सहित संविधानमै प्रष्ट पारिएकाले स्थानीय तहको परिभाषा भित्र जिल्ला समन्वय समितिलाई छुटाउन नहुने बताए । उनले ऐन निर्माण गर्दा संविधानमा भएका कुरालाई बेवास्ता गर्न नहुने बताए ।

सांसद लालबाबु पण्डितले जिल्ला समन्वय समितिलाई स्थानीय तहहरुको समन्वय गर्ने स्थानीय तहको रुपमा मात्रै सिमित गर्नुपर्ने बताए । उनले अहिले सरकारले समन्वयका काम बाहेकका काम समेतको जिम्मेवारी दिएको र भविष्यमा यसले समस्या ल्याउने बताए ।

सांसद दिलेन्द्र प्रसाद बडुले स्थानीय तहमा हुने समन्वय र अन्तरसम्बन्धको व्याख्या गर्दा जिल्ला समन्वय समितिलाई छुटाउन नहुने बताए। उनले जिल्ला समन्वय समितिलाई पालिकाहरुसँग समन्वय गर्ने भूमिका दिएकाले स्थानीय तहको परिभाषा भित्र जिल्ला राख्नुपर्ने बताए ।

सांसद अमरेशकुमार सिंहले स्थानीय तहको परिभाषा भित्र जिल्ला समन्वय समितिलाई राख्न आवश्यक नरहेको बताए । उनले जिल्ला समन्वय समितिलाई नै खारेज गर्नुपर्ने बताए । सरकारका खर्च मात्रै बढ्ने गरी जिल्ला समन्वय समितिलाई भूमिका दिएर राख्न नहुने भन्दै त्यसलाई हटाउनुपर्ने बताए ।

प्रधानमन्त्री कार्यालय कानून तथा फैसला कार्यान्वयन महाशाखाका सहसचिव पाराश्वर ढुङ्गानाले स्थानीय तहको परिभाषा भित्र जिल्ला समन्वय समितिलाई समावेस गर्ने कुरा प्राविधिक भएको बताए । व्यवहारीक रुपमा स्थानीय तह र जिल्ला समन्वय समितिको भूमिका फरक हुने भएकाले एउटौ परिभाषा भित्र राख्दा समस्या हुने बताए । उनले विधेयकमा स्थानीय तहको प्रयोग धेरै ठाउँमा भएकोले जिल्ला समन्वय समितिलाई परिभाषा भित्र नपारिएको बताए । उनले परिभाषामा छुटाउँदैमा स्थानीय तह भित्र पर्ने भन्ने नहुने र विधेयकभित्र रहेकाले संविधान विपरित समेत नहुने बताए ।

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको परिच्छेद-१ दफा २ को 'छ' मा स्थानीय तहलाई परिभाषित गरिएको छ । उक्त परिभाषमा 'तह भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ' उल्लेख छ ।

## सीमा विवाद

# समाजवादी कांग्रेसद्वारा तीन देशका दूतावासमा स्मरणपत्र



**काठमाडौं/मस-** नेपाल समाजवादी कांग्रेसले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालकै हो भनेर दावी गर्दै काठमाडौंस्थित भारतीय, चिनियाँ र बेलायती दुतावासलाई स्मरणपत्र पठाएको छ। मंगलबार पार्टी कार्यालय विजुलीबजारमा पत्रकार सम्मलेन गर्दै समाजवादी कांग्रेसका अध्यक्ष गोविन्द निरौलाले सो जानकारी दिएका हुन् ।

समाजवादी कांग्रेसले स्मरण पत्र बुझाउँदै सुगौली सन्धिको आधारमा नेपाल र भारतबीच भएको सुस्तासहितका सीमा समस्याहरु तत्काल निराकरण गर्न आग्रह गरेको छ । नेपाली जनताहरु स्वाधिन मुलुकका सार्वभौम नागरिक भएकोले छिमेकीप्रतिको सम्मानलाई महत्वका साथ ग्रहण गर्ने र अझै असल मित्र हुन आवश्यक देखिएकोले स्मरणपत्र बुझाएको समाजवादी कांग्रेसका अध्यक्ष निरौलाले जानकारी दिए ।

भारतीय, चिनियाँ र बेलायती दुतावासलाई बुझाइएको स्मरणपत्रमा लेखिएको छ, 'लिम्पियाधुराको उत्तर पश्चिम सीमाबाट झरेको मुल नदी काली नदी हो । काली नदी पुर्वको क्षेत्र लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको भूमि नेपालको हो । प्रमाणको लागि तत्कालिन अवस्था ई. १८१६ मा वेलायती सरकार र नेपाल सरकारबीच भएको सुगौलीसन्धि अध्ययन गर्न अनुरोध गर्दै दुई देशबीचको आधुनिक सीमाको मुख्य प्रमाण आधार सुगौलीसन्धिले गरेको व्यवस्था भएकोले नेपाल भारतबीच विवाद रहेका सुस्तासहितका सीमा समस्याहरु तत्काल निराकरण गर्न अनुरोध गर्दछौं ।'

साथै समाजवादी कांग्रेसले देशको भूमि प्रत्येक देशका लागि आत्म प्रतिष्ठाको विषय हुने उल्लेख गर्दै नेपालको स्वामित्व बीना नेपाली भूमिमाथि हुने अतिक्रमण कदापी मान्य नहुने बताएको छ । समाजवादी कांग्रेसले नेपाल-भारत सीमा विवाद अन्त्य गरी आपसी मित्रताको लागि सहयोग र सद्भाव कायम गर्न समेत आह्वान गरेको छ ।

# सामान्य विवादमा झडप, ९ जना गम्भीर घाइते, प्रहरीले लिएन उजुरी

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २१ जेठ





कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नं.३ डुमरियामा भैंसी र नालीको विषयमा सामान्य विवादमा झडप हुँदा ९ जना गम्भीर घाइते भएका छन । घाइतेहरुले जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिँदा उजुरी दर्ता नभएको स्थानीयहरुले गुनासो पोखेका छन् ।

जेठ ९ गते भएको उक्त घटनाको अहिलेसम्म प्रहरी प्रशासनबाट कुनै किसिमको सुनुवाई नभएको कुरा गम्भीर घाइतेहरुमध्ये बिरेन्द्र यादवले बताए । आफूहरुलाई राममिलन पासी, हरिराम पासी, छविलाल पासी, तिरथ पासी, रामनेवास पासी, रामदिन पासीलगायत मिलेर लठ्ठी, ढुंगा र धारिलो हतियारकोसमेत प्रयोग गरि घाइते बनाएको उनले बताए ।

गाउँमा पासी परिवारको बाहुल्यता धेरै रहेकोले कहिले काहीँ उनिहरुको यस्तै ज्यादती खेपिरहनु पर्नेसमेत उनले बताए । गाउँका सबैजना मिलेर आफूहरुमाथि आक्रमण गरेको भनेर आक्रमणकारीहरुले नै उल्टै विभिन्न ठाउँमा निवेदन दिएको अर्का गम्भीर चोटपटक लागेका व्यक्ति सुख्खु मुसलमानले बताए ।

आक्रमणकारीहरुबिरुद्ध जेठ १५ गते नेपाल राष्ट्रिय महिला आयोग, नेपाल राष्ट्रिय मुस्लिम आयोग र नेपाल राष्ट्रिय दलित आयोगमा निवेदन दर्ता भइसकेको छ ।

लकडाउनको बेला आफुसँग पैसा नभएको, कहीँ कतैबाट पनि पैसाको श्रोत नभएका कारण कसरी औषधि उपचार गराउने भन्दै गम्भीर घाइतेमध्ये एक जोहरा खातुनले दुःख पोखिन् । दोषीहरुबिरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गर्न पटक-पटक जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दर्ता गर्न जाँदा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले कुनै पनि वास्ता नगरी मुद्दासमेत दर्ता नगरेको पीडित पक्षले बताए ।

# ठगीमा सघाएको आरोपमा १५ प्रहरीमाथि अनुसन्धान




**काठमाडौं/रासस-** ठगी कार्यका लागि विदेशी नागरिकलाई सघाएको आरोपमा अध्यगमन विभागले सुरक्षामा खटिएका १५ जना प्रहरीमाथि अनुसन्धान थालेको छ । उनीहरुमाथि विभागको हिरासतमा रहेका नाइजेरियाका नागरिक जेम्स एडी जेबीलाई फोन उपलब्ध गराएर ठगी कार्यका लागि सहयोग गरेको आरोप रहेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिए ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को अनुसन्धानमा सुरक्षामा खटिएका प्रहरीले सघाएको पाइएपछि विभागको सुरक्षामा रहेका सबै प्रहरीलाई नेपाल प्रहरीको दुई नम्बर गणमा राखेर अनुसन्धान थालिएको उनले बताए । घटनामा संलग्न देखिएको भन्दै सिआइबीले कारवाहीका लागि महानगरीय प्रहरी कार्यालय रानीपोखरीमा पत्र पठाएको थियो । सोही पत्रको आधारमा अनुसन्धान प्रक्रिया अघि बढाइएको हो ।

अधयागमन विभागको सुरक्षामा अर्को टोली पठाइएको छ । एक हप्ताअघि नाइजेरियाका नागरिक जेबीले हिरासतबाटै अनलाइनमार्फत साथी बनाएर ठगी धन्दा चलाएको सिआइबीमा उजुरी परेको थियो । अनुसन्धानका क्रममा उनले ह्वाट्स् एपको प्रयोग गरी साथी बनाएर विभिन्न लोभ देखाई पैसा माग्ने गरेको खुल्न आएको छ । आफू अमेरिकी सैनिक भएको र सिरियाको मिसनका बेला अपरेशन गर्दा ९० लाख डलर भेटिएकाले अमेरिका पठाउने अवस्था नभएको उल्लेख गरी नेपाल पठाउन लागेको भन्दै पैसा माग्ने गरेका थिए ।

त्यसरी नेपालमा पठाएको पैसा लिन कूटनीतिक पासपोर्ट भएका आफ्ना सहयोगी नेपाल आउन लागेका बेला दुबईमा अड्किएकाले उसलाई निकाल्नका लागि पैसा चाहियो भनेर एक हजार २५ डलर मागेको पाइएको सिआइबीका निर्देशक प्रहरी नायब महानिरीक्षक सहकुलबहादुर थापाले जानकारी दिए । उनी नेपालमा लागुऔषध मुद्दामा छ वर्ष जेल सजाय पाएर छुटेका व्यक्ति हुन् । प्रवेषाज्ञा सकिएकाले उनलाई डिपोर्ट गरेर चैत १० गते नै पठाउन लागिएको थियो तर अन्तर्राष्ट्रिय उडान रोकिएपछि उनी अध्यागमन विभागको हिरासतमा रहेका थिए ।

## प्यूठानमा संक्रमितको संख्या ३ पुग्यो

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २१ जेठ

प्यूठानमा फेरी २ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । दाङमा बुधबार कोरोना पुष्टि भएका प्यूठानका थप दुई जना व्यक्ति माण्डवी गाउँपालिका वडा नं २ मर्कावाङका रहेको खुलेको छ।

दाङको बंगलाचुली गाउँपालिकाको वडा नं ५ स्थित सुधा माविको क्वारेन्टाइनमा रहेका प्यूठानका २० र २२ वर्षका पुरुषमा संक्रमण देखिएको माण्डवी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख धुव्र पोखरेलले जानकारी दिए । उनीहरु केही साता अघि भारतबाट आएका हुन् ।

योसँगै प्यूठानमा संक्रमितको संख्या ३ पुगेको छ । जिल्लामा मंगलबारमात्रै स्वर्गद्वारी नगरपालिका ४ का ५९ वर्षीय पुरुषमा कोरोना पुष्टि भएको थियो ।

## दुई पक्षबीच झडप, १५ जना घाइते

**सप्तरी/मस-** सप्तरीको छिन्नमस्ता गाउँपालिका-७ हाटीगाउँमा जग्गाको विषयलाई लिएर बुधबार दुई पक्षबीच भएको झडपमा १५ जना घाइते भएका छन्। झडपले उग्ररुप लिएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले आठ राउण्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताए । नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट स्थिति नियन्त्रण हुन नसकेपछि नेपाली सेना घटनास्थल पुगेको छ ।

स्थानीयवासी एंव जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले गणेशी मण्डलको जग्गाको पिलर उखेलेपछि पाँच दिनअघि भएको झगडाले बुधबार उग्ररुप लिंदा १५ जना घाइते भएका हुन् ।

### पछि....

पर्ने विवरण तथा ती विवरण बमोजिमको दाखिला गर्ने म्याद २०७७ साल असार ७ गते सम्म बुझाउनु पर्ने उल्लेख छ । अन्त शुल्क आयकर ऐन, २०४८ बमोजिम २०७६ साल फागुन, चैत्र र २०७७ वैशाख महिनाको बुझाउनु पर्ने अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बनाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल असार ७ गते सम्म बुझाउनुपर्ने बताईएको छ ।

आयकर ऐन, २०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६ ७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद भने २०७७ साल असार १५ गतेसम्म ।

### फर्किने ...

एक जनालाई कति रकम दिने भन्ने विषय कार्यविधि बनाएर तय गर्नुपर्ने सुझाव दिएको छ ।

नीतिपत्रमा स्वदेश फर्किने कामदारहरुको पुनर्मिलन र रोजगारीका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारीदेखि राष्ट्रिय मानव अधिकार आयोगको भूमिका हुनुपर्ने उल्लेख गरिएको छ । नीतिपत्रमा नेपाली कामदारको उद्धार कार्यमा श्रम मन्त्रालय र वैदेशिक रोजगार बोर्डको भूमिका न्यून पारिएको भन्दै भविष्यलाई हेरेर मन्त्रालय र बोर्डको भूमिका वढाइ दिनुपर्ने उल्लेख छ । फोरमले विदेशबाट कामदार फर्काउने विषयमा मन्त्रालय र बोर्डको भूमिका कमजोर भए भविष्यका लागि प्रत्युत्पादक हुने जोखिम औंल्याएको छ ।

### रोग....

बढिसकेको जानकारी दिए ।

उनले भने, "सङ्क्रमित हुनै नदिने भनेर लकडाउन कडाइ गऱ्यौं । प्रदेशका नाका सिल नै गऱ्यौं, त्यति गर्दागर्दै पनि भयावह हुँदैन भन्ने सोचेका थियौं । शुरुमै धेरै खर्च नगरी तीन-तीन सयको श्ययया सुर्खेत तथा जुम्ला र १०० श्यया चौरजहारीमा आइसोलेसन बनाउने नीति लिइयो । भारतबाट ह्वात्तै आएपछि अहिले काबुभन्दा बाहिर जाने अवस्था देखिएको छ ।"

बैठकमा प्रदेशसभा सदस्यहरुले उठाएका जिज्ञासाको उचित सम्बोधन गरिने वचनसमेत मुख्यमन्त्री शाहीले दिए । कर्णाली प्रदेश सरकारको तर्फबाट प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनीले यही जेठ १६ गते आगामी आर्थिक वर्ष २०७७र७८ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथिको जारी छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य यामलाल कडेँलले दुई वर्षको अनुभवबाट पाठ सिकेर आफ्नो सीमा र दायरालाई सम्झेर बजेट ल्याउन सुझाव दिए ।


संघ र स्थानीय तहसँग समन्वय हुन नसकेकको भन्दै उनले भने, "आफ्नो सीमा र दायरालाई बुझेर कार्यक्षमता बढाउनुस् । दुई वर्षको पाठ सिक्नुस् ।" अर्का प्रदेशसभा सदस्य विन्दमान विष्टले नीति तथा कार्यक्रमले वर्तमान चुनौती र समस्यालाई निराकरण गर्न आधार तय गरेको बताए । "कोभिड-१९ ले सकारात्मक चुनौती दिएको छ। स्वास्थ्य पूर्वाधार, जनशक्ति विकास गर्न सके दूर भविष्यका लागि पनि उपयोगी भएको छ" उनले भने, "यसका लागि बजेट पनि छुट्याऔं, युवा, उद्यमशीलता र रोजगारीमा जोड दिऔं ।"

प्रदेशसभा सदस्य मीनासिं रखालले नीति तथा कार्यक्रमले हिंसापीडित महिला र जनजाति समुदायलाई सम्बोधन नगरेको गुनासो गरे । प्रदेशसभा सदस्य वीरबहादुर शाहीले हिमाली जिल्लामा काठेपुल अन्त्यको घोषणा गर्न माग गरे ।

# एन्फा अध्यक्ष शेर्पाले मागे माफी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ

अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पाले केही समय अघि फेसबुक अन्तरवार्ताको विषयमा माफी मागे छन् । दूरविन नेपालको फेसबुक लाइभमा एन्फा अध्यक्ष शेर्पाले ग्रासरुट फुटबलको विषयमा प्रतिक्रिया दिँदा दिएको अभिव्यक्तिको चौतर्फी विरोध भएपछि आफ्नो भनाई बुधबार विज्ञप्तिमार्फत सार्वजनिक गरेका हुन् । अध्यक्ष शेर्पाले तराईका जनताको राष्ट्रियताको प्रश्न गर्ने आफ्नो मनसाय नभएको प्रष्टिकरण दिएका छन् ।




शेर्पाले कुनैपनि भाषा, वर्ग, धर्म, लिङ्ग तथा सम्प्रदायको नेपालीको राष्ट्रियतामा प्रश्न गर्ने अभिप्राय नभएको भन्दै आफ्नो शब्दावलीबाट चोट पुगेकोमा आफू पनि दुखित् भएको बताएका छन् ।

उनले अन्तरवार्तामा आफ्नो भावना भन्दा पनि शाब्दिक अर्थमा धेरै ध्यान दिईएको भन्दै कुनै पनि क्षेत्र, भुगोल र सम्प्रदायलाई ठेस पुऱ्याउने मनसाय नभएको प्रष्ट पारेका हुन् ।

एन्फा अध्यक्ष शेर्पाले तराईका विभिन्न जिल्लामा ग्रासरुट कार्यक्रम सञ्चालन गर्नुका साथै रौतहटमा फिफाको मुख्य परियोजनाको रुपमा महिला फुटबल एकेडेमी निर्माण गरेको भन्दै तपाईको फुटबल विकासमा आफु र वर्तमान कार्यसमिति दृढ रहेको बताएका छन् ।

'मेरो भनाईलाई तोडमोड गरि फुटबल प्रति वितृण्णा उत्पन्न गराउने मनसायबाट प्रेरित तत्वले एन्फा र यसको नेतृत्वको छवि धमिल्याउने र हुँदै आएको फुटबल विकासको गतिमा अवरोध पुर्याउने योजना मुताबिक आएको बुझ्न अनुरोध गर्दछु ।' उनले बिज्ञप्तिमा भनेका छन् ।

अन्तरवार्तालाई लिएर प्रतिनिधि सभाको संसद बैठकमा समेत प्रश्न उठेपछि शेर्पा समस्यामा परेका थिए । जनता समाजवादी पार्टीका सांसद् विमल प्रसाद श्रीवास्तबले एन्फा अध्यक्ष शेर्पालाई कारबाही गर्न माग गरेका थिए । यसैगरी फुटबल क्षेत्रका जानकार व्यक्तिहरुले पनि शेर्पाले बोल्न नहुने अभिव्यक्ति दिएको भन्दै सामाजिक सञ्जालमा पनि विरोध गरेका थिए । एन्फाको बैठकमा समेत अध्यक्षको अभिव्यक्तिलाई लिएर विरोध भएपछि शेर्पा अप्ठेरोमा परेका थिए ।

# च्याम्पियन्स लिगको फाइनल पोर्चुगलमा

**काठमाडौं, एजेन्सी-** पोर्चुगल फुटबल संघका अध्यक्ष मार्सेलो रेबेलो डी सोउसाले यो बर्षको च्याम्पियन्स लिगको फाइनलमा पार्चुगलमा हुनसक्ने बताएका छन् ।




च्याम्पियन्स लिगको अन्तिम १६ को केहि खेलहरु बाँकी रहेको अवस्थामा क्वाटरफाइनलबाट खेलहरु पोर्चुगलमा हुनसक्ने बताइएको छ । मार्सेलोले अगष्टमा हुने भनिएको च्याम्पियन्स लिगका खेलहरु पोर्चुगलको भूमीमा हुनसक्ने बताइएका हुन् । यसअघि इन्तानबुलमा हुने भनिएको फाइनल खेल त्यहाँबाट सारिने युइएफएले बताएको छ ।

कोरोना भाइरसका कारण च्याम्पियन्स लिग तीन महिना स्थगित भएको छ । युरोपियन फुटबल महासंघले अगष्टमा यो प्रतियोगिता गर्ने तयारी गरेको छ ।

# कतारमाथिको प्रतिबन्ध चौथो वर्षमा प्रवेश

**दोहा, एजेन्सी**-खाडी राष्ट्र कतार र साउदी अरेबियाको अग्रसरतामा निर्मित गठबन्धनबीच बनेको तिक्ततापूर्ण शत्रुता यही शुक्रबार चौथो वर्षमा प्रवेश गर्दैछ। यी दुई पक्षबीचको असमझदारी तत्कालै टुंगिने कुनै संकेत देखिएको छैन ।

सन् २०१७ को जुन महिनामा साउदी अरेबियाका मित्रदेशहरू संयुक्त अरब इमिरेट्स (युएई), बहराइन र इजिप्टले कतारसँगको सबै सम्बन्ध एकाएक तोडेका थिए। कतारले कट्टरपन्थी इस्लामिक अभियान र इरानलाई सहयोग गरिरहेको उनीहरूको आरोप थियो, तर कतारले यी आरोपमा सत्यता नभएको भन्दै आजपर्यन्त निरन्तर खण्डन गरिरहेको छ ।

यसै वर्ष यी असमझदारी हट्ने र पूर्ववत सम्बन्ध कायम हुने संकेतहरू देखिएका भए पनि प्रगति हुन सकेको छैन ।

सन् २०१७ मे २४ मा कतारका शासकको नामबाट राज्य संचालित समाचार एजेन्सीको वेबसाइटमा एउटा वक्तव्य प्रकाशन हुन्छ । यो विज्ञप्तिमा इस्लामिक क्रान्तिलाई कतारको समर्थन रहेको तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आलोचना गरिएको थियो ।

उक्त विज्ञप्ति प्रकाशन भएलगत्तै कतारले सो सामग्री गलत भएको र कसैले समाचार संस्थाको साइट ह्याक गरेको जनायो। तर यो विज्ञप्तिलाई आधार बनाएर खाडी क्षेत्रका संचार माध्यमले समाचार सम्प्रेषण गरेका थिए ।

जुन ५ मा साउदी अरेबिया र यसका गठबन्धन मुलुकहरूले एकाएक कतारसँगका सबै सम्बन्ध तोडेको घोषणा गरे। यस घोषणामा कतारसँगको हवाई, सडक, सोझो सिपिङ र कुटनीतिक सम्बन्ध सबै तोडिएको कुरा उल्लेख थियो। अरु मुलुकले पनि आफ्नै किसिमले कतिपय अवस्थामा सामान्य प्रतिबन्धहरू घोषणा गरे ।

त्यसको एक दिनपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीट गर्दै आफूले हालै अरब राष्ट्रहरूको भ्रमण गर्दा कतारमाथि औंला उठाएका र कट्टरपन्थी विचारधारालाई समर्थन जनाएका बताएका थिए । त्यही महिनाको अन्त्यतिर साउदी गठबन्धनले कतारले सुधार गर्नुपर्ने १३ बुँदे विषय सार्वजनिक गरेको थियो । ती बुँदामा अन्य कुराका अतिरिक्त अल-जजिराको दोहास्थित कार्यालय बन्द गर्नुपर्ने तथा टर्कीको सैन्य अखडा बन्द गर्नु पर्ने शर्त राखिएका थिए ।

उक्त १३ बुँदे मागपत्रमा रियादको मुख्य दुश्मन इरानसँगको सम्बन्ध कतारले तोड्न आग्रह गरिएको थियो। तर कतारले साउदी गठबन्धनका सबै माग अस्वीकार गरिदियो, किनभने कतारको भनाईमा यी मागहरू यथार्थपरक नभएका र कार्यरुपमा परिणत गर्न नसकिने थिए ।

यस विभाजनले क्षेत्रीय यात्रामा जटिलता उत्पन्न गर्नुका साथै परिवारहरूलाई विच्छिन्न बनाएको छ भने कतारको व्यवसायमा लागत बढाएको छ । दोहा विरुद्धको यस गठबन्धनले आफ्ना मागहरू अरु थप्यो। जुलाई २०१७ मा गठबन्धनले कतारसामु १८ जना शंकास्पद अतिवादी समूह र संस्थाको सूची दियो। यो सूचीमा उल्लिखित व्यक्ति तथा संस्थामाथि कानुनी कारबाही गर्न माग गरिएको थियो। पछि यो सूचीमा नाम थपेर ९० बनाइयो ।

सन् २०१७ अगष्टमा बिआउटक्यू नामको भूउपग्रहले फुटबल समेतका मुख्य कार्यक्रमहरूको साउदी दर्शकलाई ध्यान दिएर प्रसारण शुरु गरेको थियो । कतारस्थित खेलकुद प्रसारक बीइनले साउदीले आफ्ना सामग्री अनधिकृत रुपमा प्रसारण गरेको आरोप लगायो । बीइन र साउदीबीचको यो विवाद अझै पनि कानुनी निरुपणको विषय बनेको छ। सन् २०१८ भर कतार र संयुक्त अरब इमिरेट्सबीच हवाई मार्गको विषयलाई लिएर विवाद भएको थियो । यो विषय अहिले पनि अन्तर्राष्ट्रिय अदालतमा विचाराधीन छ ।

अर्को वर्ष युएईले एसियाली कप फुटबल प्रतियोगिता आयोजना गऱ्यो । कतार यो खेलमा विजयी भयो, तर खेल मैदान खाली थियो किनभने कतारी फुटबल खेलप्रेमीलाई युएई प्रवेशमा रोक लगाएको थियो। मैदानमा देखिएका एक जना कतारी पोशाक लगाएका बेलायती नागरिकलाई पक्राउ गरिएको थियो ।

राष्ट्रपति ट्रम्पले कतारप्रति केही नरम र लचक रहेको बताउनु भएको थियो । उहाँले कतारका शासक अमिर शेख तमिम बिन हमाद अल-थानीलाई अप्रिल २०१९ मा ह्वाइट हाउसमा आमन्त्रण गर्नु भएको थियो, र त्यस भेटवार्तामा अल-थानीलाई राष्ट्रपति ट्रम्पले "मित्र" भनी सम्बोधन गर्नु भएको थियो ।

अरब राष्ट्रहरूमा निकै लोकप्रिय फुटबल खेलले आपसी सदभाव बढाउन केही हदसम्म सफल रहेको थियो । कतारमा आयोजित क्षेत्रीय फुटबल प्रतियोगितामा साउदी अरेबिया, युएई र बहराइन पनि सहभागी भए। सन् २०१९ डिसेम्बर ८ मा सम्पन्न फाइनल खेलमा बहराइन विजयी भयो ।

# कोरोनाका कारण खेल क्षेत्रका ७ को निधन

कोरोना भाइरसका कारण पाकिस्तानी पूर्व क्रिकेटर रईज शेखको मृत्यु भएको छ। पाकिस्तानका पहिलो श्रेणीका खेलाडी रहेका शेखको ५१ बर्षको उमेरमा कोरोनाबाट मृत्यु भएको हो। उनको मृत्युपछि पनि उनको परिवारले भने कोरोना परिक्षण गर्न मानेका छैनन् ।



पाकिस्तानमा कोरोनाका कारण मृत्यु हुने तेस्रो खेलाडी हुन् । यो भन्दा अगाडी पूर्व पहिलो श्रेणीका खेलाडी जफर सरफराजको ५० बर्षको उमेरमा र स्क्वासका खेलाडी आजम खानको निधन भएको थियो । शेख एउटा बलर थिए भने ४३ वटा पहिलो श्रेणीका खेल खेलेका थिए। जसमा ११६ विकेट लिएका थिए ।

कोरोनाका कारण विश्वमा सात दिग्गज खेलाडीको निधन भइसकेको छ । जसमा जापानका २८ बर्षे सुमो खेलाडी शोबुशी, इंग्ल्याण्डका पूर्व फुटबलर नार्मन हन्ट, धावक दोनातो साबिया, स्विट्जरल्याण्डका आइस हक्की खेलाडी रोज शैपो, फ्रान्सका खेलाडी बर्नार्ड गोंजालेज, इंग्ल्याण्डका पूर्व खेलाडी डेविड हाजकिस, फ्रान्सका ओलम्पिक डी मार्सल फुटबल क्लवका पूर्व अध्यक्ष पेप दिआफको निधन भएको छ ।

# पाकिस्तानी क्रिकेटरलाई कडा नियम

**कराची, एजेन्सी**-पाकिस्तान क्रिकेट बोर्डको मेडिकल टिमले कोरोना भाइरसपछि खेल सुरु गर्न कडा नियम बनाएको छ । बोर्डले खेलाडीको बर्षमा चार पटक रगत र आँखाको परिक्षण गर्ने भएको छ।

यस्तै पीसीबीले जुलाईमा हुने इंग्ल्याण्ड टुरका लागि तयारी सुरु गरिसकेको छ। पीसीबीले बुधबारबाट लाहोरमा ३० खेलाडीलाई प्रशिक्षण सुरु गर्न अनुमति दिएको छ । अहिले खेलाडीलाई नेशनल हाइ पर्फमेन्स सेन्टरमा क्वारेन्टिन क्याम्प बनाइएको छ। जसमा खेलाडीलाई चाँडै राखिने भएको छ ।

पीसीबीको मेडिकल विभागले हाल बोर्डसँग सम्झौता भएका ३० खेलाडीलाई प्रशिक्षणको अनुमती दिइएको छ। उनीहरुको दुई पटक कोरोना परिक्षण गरिने भएको छ। मेडिकल अधिकारीले खेलाडीको श्वास्थ्य जाँच गर्दा रगतको परिक्षण अनिवार्य गरिने भएको छ ।

इंग्ल्याण्ड भ्रमणामा पाकिस्तानबाट २५ खेलाडी जाने भएका छन । पाकिस्तानका मुख्य छनोटकर्ता मिस्वा उल हकले हाल प्रशिक्षणमा रहेका ३० खेलाडीमा २५ जना इंग्ल्याण्ड सिरीजमा जाने बताए। पाकिस्तानले इंग्ल्याण्डसँग तीन टेष्ट, तीन टी २० खेल खेल्ने तालिका रहेको छ। यसका लागि खेलाडीलाई प्लेन चार्टड गरेर लगिने भएको छ।

# इटालीले युरोपेली मुलुकका लागि पर्यटन आगमन खुला गर्ने



**रोम, एजेन्सी**-इटालीले युरोपेली मुलुकका पर्यटकका लागि बुधबारदेखि आगमन खुला गर्ने भएको छ । कोरोनाभाइरस महामारीका कारण लकडाउन गरेको इटालीले तीन महिना पहिले युरोप सहित विश्वका अन्य मुलुकका नागरिकलाई आगमन निषेध गरेको थियो ।

गर्मी मौसम शुरु भएसँगै इटालीको मुख्य व्यवसाय पर्यटन उद्योगलाई पुनर्जीवित तुल्याउने आशाका साथ इटालीले उक्त कदम चालेको हो । पर्यटकहरूले भेनिस समेत महत्वपूर्ण पर्यटकीय क्षेत्रमा भ्रमण गर्न सक्नेछन् ।

तर ठूलो संख्यामा मानिसको कोरोनाभाइरसका कारण मृत्यु भएको इटाली भ्रमण गर्न पर्यटकलाई त्यति सहज भने हुने छैन। युरोपकै अन्य देश पनि महामारीको चपेटामा परेकाले निर्वाध र निःसंकोच इटाली घुम्न पर्यटकलाई मानसिक तनाव हुने अनुमान गरिएको छ ।

युरोपमै कोरोनाभाइरसका कारण हटस्पटका रुपमा रहेको इटालीमा शुरुआती दिनहरूमा ठूलो संख्यामा मानिसको मृत्यु हुनुका साथै कोरोना संक्रमितको संख्या ठूलो थियो। हालसम्म इटालीमा ३३ हजारभन्दा बढीको कोरोनाकै कारण मृत्यु भइसकेको छ ।

कोरोनाभाइरस फैलन नदिने उपायस्वरुप इटालीले मार्च महिनाको शुरुआतदेखि नै लकडाउन जारी गरेको थियो । लकडाउन कडा पारिए पछि मात्र यहाँ कोरोना संक्रमितको संख्यामा कमी आउन थालेको थियो ।

दोस्रो विश्ययुद्ध पति पहिलोपटक अर्थतन्त्रमा मन्दीको अनुभव गरेको इटालीको अर्थतन्त्रमा सुधार ल्याउन पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका हुनेछ, र यो जतिसक्दो चाँडो खुला गरिनु आवश्यक छ । तर अझै पनि इटालीमा दैनिक दर्जनौं व्यक्ति कोरोना संक्रमित भेटिएका छन्, खासगरी उत्तरी लोम्बार्डी क्षेत्रमा कोरोना संक्रमित देखिएका छन् । विज्ञहरूले इटालीले यात्रामा खुकुलो पार्न हतार गरिरहेको बताएका छन्।

अन्तर्राष्ट्रिय उडानहरू इटालीका मुख्यतः तीनवटा शहरहरू मिलान, रोम र नेपल्समा हुनेछ। तर कार, रेल र पानी जहाजबाट इटाली आउने मानिसहरू जहाँ पनि जान सक्नेछन्। स्वीट्जरल्यान्डले आफ्ना नागरिकलाई इटालीको भ्रमण गरेर फर्किए आवश्यक स्वास्थ्य सकर्तता अपनाउन चेतावनी दिएको छ । स्वीट्जरल्यान्डले यही जुन १५ मा इटाली बाहेक जर्मनी, फ्रान्स र अस्ट्रियासँगको सीमा खोल्दैछ ।

अस्ट्रियाले पनि मध्य जुनदेखि इटाली बाहेकका जर्मनी, स्वीट्जरल्यान्ड, चेक गणतन्त्र, स्लोभाकिया र हंगेरीसँगको सीमा खोल्दैछ । इटालीमा लकडाउनले आर्थिक क्षेत्रमा सर्वाधिक प्रभाव पारेको अध्ययनहरूले देखाएका छन् । पर्यटन क्षेत्रको योगदान इटालीको अर्थतन्त्रमा १३ प्रतिशतको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) रहेको छ । लकडाउनका कारण इटालीका ऐतिहासिक क्षेत्रहरू, रेस्टुराँ, होटल तथा अरु पर्यटकीय गतिविधिका क्षेत्रहरू बन्द गरिएका थिए ।

# लुफ्थान्सा एयरलाइन्सको नोक्सानी २ अर्ब डलरभन्दा बढी

**फ्रान्कफर्ट, एजेन्सी**-जर्मन एयरलाइन्स कम्पनी लुफ्थान्साले पहिलो चौमासिक अवधिमा दुई अर्ब ३० करोड अमेरिकी डलर (२.१ अर्ब युरो) नोक्सानी भएको बुधबार जनाएको छ । कोरोनाभाइरसबाट सिर्जित विषम परिस्थितिका कारण कम्पनीको पुनः संरचना गर्ने कार्यमा पनि संकट उत्पन्न भएको छ। केही महिनादेखि विश्वभर हवाई सेवा ठप्पप्रायः छ। कम्पनीले यही कारण अभूतपूर्व नोक्सानी व्यहोर्न बाध्य हुनुपरेको जनाएको छ ।

कम्पनीका प्रमुख कार्यकारी कार्स्टन स्पोहरले एक विज्ञप्ति जारी गर्दै मागमा विस्तारै सुधार हुनेक्रममा रहे पनि कम्पनीलाई गतिशील बनाउन पुनः संरचनाका कदम चाल्नुको विकल्प नरहेको बताए । तथापि सन् २०१९ को यही अवधिमा पनि लुफ्थान्सालाई करिब ३४ करोड २० लाख युरो घाटा लागेको थियो, तर यो समय तुलनात्मक रुपमा कम पर्यटक भ्रमण गर्ने समय हो ।

बिमान कम्पनीको निर्देशनात्मक बोर्डले सोमबार जर्मन सरकारबाट ९ अर्ब डलरको ऋण स्वीकार गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ। समूहले आफ्ना सेयरहोल्डरलाई यो विषय अनुमोदन गर्न जुन २५ मा अनलाइन बैठक गर्दैछ।

प्रस्तावित सरकारी लगानीको अर्थ हो लुफ्थान्सामा जर्मन सरकारको शेयर २० प्रतिशत हुनेछ। यो शेयरसँगै लुफ्थान्सामा जर्मन सरकारको शेयर रहेको सबैभन्दा ठूलो कम्पनी हुनेछ ।

युरोपेली क्षेत्रका अन्य प्रतिस्पर्धी झैं लुफ्थान्सा समूह पनि कोरोनाभाइरस महामारीबाट सर्वाधिक प्रभावित छ। यस समूहले हाल युरोविङ्स, स्वीस, ब्रसेल्स र अस्ट्रियन एयरलाइन्सको स्वामित्व ग्रहण गरेको छ । यस समूहसँग रहेका कूल ७६० वटा बिमानमध्ये ३०० वटा बिमान अर्को वर्षसम्म त्यतिकै थन्किने छन् भने २०० वटा बिमानलाई सन् २०२२ सम्म पार्किङमा राख्नु पर्नेछ।

बिमानको संख्या, उडान संख्या र गन्तव्य मुलुकमा उडानको अस्थिरता रहेका कारण यस कम्पनीमा आबद्ध ठूलो संख्याका कर्मचारीको रोजगारी गुम्ने खतरा उत्पन्न भएको छ।

# थर्मल प्लान्टबाट इन्धन चुहिएर साइबेरियाली नदी प्रदूषित

**मस्को, एजेन्सी**-रसियाका अधिकारीहरूले एउटा थर्मल प्लान्टबाट २० हजार टन डिजेल चुहिएर साइबेरियाली नदीमा मिसिएको भन्दै आपतकालीन स्थितिको घोषणा गरेका छन् । वातावरणविदहरूले यस संकटको तत्काल समाधानका लागि ठोस पहल गर्न रसियाली अधिकारीहरूसमक्ष आग्रह गरेका छन् ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) ले मंगलबार नदीमा सतहमा रहेको डिजेल रोक्न अस्थायी बाँध बनाइएको भन्दै त्यसको प्रशंसा गरेको छ । यस नदीमा मिसिएको डिजेल तत्काल सफा नगरिए उक्त डिजेल उत्तरी ध्रुव नजिकको नोरिल्स्क शहरसँगैको तालमा मिसिने छ।

डब्लुडब्लुएफले सार्वजनिक गरेको भूउपग्रहीय तस्वीरमा अम्बारनाया नदीको सतहको ठूलो क्षेत्रमा कालो धब्बा देखिएको छ । स्थानीय वासिन्दाहरूले सामाजिक सञ्जालमा प्रदूषित पानीका तस्वीरहरू पोस्ट गरेका छन्।

नोरिल्स्कभन्दा पश्चिमतर्फ रहेको थर्मल विद्युत गृहबाट गत साता चुहिएको डिजेल अम्बारनाया नदीमा खसेको थियो । रसियाली खानी उत्खनन कम्पनी नोरिल्स्क निकेलको स्वामित्वमा रहेको यस प्लान्टबाट डिजेल चुहिएको जनाएको छ । कम्पनीले प्लान्टको संरचना पुरानो भएको र प्लान्टको संरचना निर्माणमा प्रयोग गरिएका काठ मक्किएर प्लान्टको डिजेल ट्याँकमा क्षति पुगेको जनाएको छ। नोरिल्स्क निकेल कम्पनीका प्लान्टबाट विगतमा पनि इन्धन चुहिने समस्या देखिएका थिए। सन् २०१६ मा पनि एउटा स्थानीय प्लान्टबाट नदीमा प्रदूषित वस्तुहरू पुगेका थिए। यस दुर्घटनामा सरकारले कम्पनीमाथि केवल एक हजार डलर जरिवाना गरेको थियो।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको स्वेच्छिक खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६०/०३/१७ मा दर्ता भएको प्रा.लि. नं. **२४३१३** को **शपथ इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६८/११/०९ मा दर्ता भएको **प्रा.लि. नं. १८००६** को **लिगल एडभाइस एण्ड रिसर्च सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office, Kathmandu**
**ROAD DIVISION, KATHMANDU**
**Invitation for Bids No: 37-076-77**
(Date of first publication: 2077/02/22)

1. Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimate Amount without VAT | Bid Security Amount | Document Fee |
|---|---|---|---|---|
| RDKTM/337011204/076/77/175 | Improvement of Link Road of Sita Petrol Pump, Shivanagar, KMC 14 Kalanki | 1686932.17 | 46000.00 | 1000.00 |

Deadline for Bid Submission and Opening:

<table>
<tr><td colspan="2" rowspan="2">Submission of Bid</td><td colspan="2" rowspan="2">Opening of Bid</td><td>Revenue a/c No.</td><td>00100106200000</td><td>Office code</td><td>337013512</td></tr>
<tr><td>Revenue Heading No.</td><td>14229</td><td>Bank</td><td>Everest Bank Ltd</td></tr>
<tr><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Name of Office</td><td colspan="3">Financial Comptroller General Office</td></tr>
<tr><td rowspan="3">2077/03/04</td><td rowspan="3">12:00</td><td rowspan="3">2077/03/04</td><td rowspan="3">13:00</td><td>Deposit A/c No.</td><td>135001</td><td>Office code</td><td>337013512</td></tr>
<tr><td>Name of Office</td><td colspan="3">District Treasury Controller Office, Singhdurbar</td></tr>
<tr><td>Bank</td><td colspan="3">Everest Bank Ltd, Singhdurbar</td></tr>
</table>

- Eligible Bidders may obtain further information at Road Division Kathmandu (Tel: 014465457, email: droktm1@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Division Chief**

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# बन्दाबन्दी, कृत्रिम अभाव र मूल्य वृद्धि

**सञ्चिता घिमिरे / रासस**
काठमाडौं, २१ जेठ

बन्दाबन्दी जारी रहँदा बजारमा चामल, दाल, मैदा, तेललगायत खाद्य सामग्रीको भाउ बढेको छ ।

खाद्यान्नको कृत्रिम अभाव सिर्जना गरी बजारमा दाल, चामलदेखि अधिकांश दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भएको उपभोक्ताको गुनासो छ । मूल्यवृद्धि हुँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारण उपभोक्तामाथि परेको छ ।

कतिपय बिक्रेताले बन्दाबन्दीलाई पैसा कमाउने अवसरका रूपमा प्रयोग गर्दा बजारमा समस्या देखिन थालेको हो । बजारमा खाद्यान्नको भाउ बढ्नुका कारण खुद्रा व्यापारीले थोक आयातकर्तालाई देखाउने गरेका छन् भने थोक आयातकर्ताले उद्योगबाट आउँदै भाउ बढेको बताएका छन् । कतिपय व्यापारीले सामान नै नआएको भन्दै अरु समयमा बेच्न नसकेको सामान बेचिरहेको पाइन्छ ।

ललितपुर इमाडोलकी रमिता विष्ट बजारमा सामान किन्न जाँदा आफूले भनेजस्तो नपाउने र पाइएको ठाउँमा पनि बढी भाउ लिने गरेको बताए । खासगरी चाउचाउ, बिस्कुटलगायतका खाद्यान्न र साबुन, सरफ खरिद गर्दा यो समस्या आइरहेको छ । गत साता आफूले खोजेको कम्पनीको चाउचाउ नपाएकाले आफूले अर्को कम्पनीको किनेको उनले बताए । मङ्गलबार भने उनले धेरै पसल चाहारेर मूल्य रु १५ पर्ने चाउचाउ रु २० तिरेर किन्नुभयो । दुई महिना पहिले रु एक हजार ६०० मा किनेको चामल अहिले एक हजार ८०० मा किनेको उनले बताए । उनले भने, "के गर्नु दाल, चामल महँगो नै भए पनि किनेर खानैपऱ्यो ।"

बन्दाबन्दी जारी रहँदा तरकारीको मूल्य घटे पनि खाद्यान्न र फलफूलको मूल्य ह्वात्तै बढेको उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बताए । तरकारीको मूल्य बन्दाबन्दीको शुरुको साताभन्दा ह्वात्तै घटे पनि अझै किसानले पाउने मूल्य र



उपभोक्ताले किन्नेमा धेरै फरक रहेको उनले बताए । किसानले १०/१५ मा बेचेको तरकारी उपभोक्तालाई बजारमा अहिले पनि रु ४०/५० सम्ममा किन्नु परेको छ । स्याउ, अनारलगायतका फलफूलको मूल्य बढिरहेको छ । बन्दाबन्दीलाई बिचौलियाले कमाउने अवसरका रूपमा लिइरहेको उनको भनाइ छ । उनले भने, "यस्तो समयमा सरकारले बजारको प्रभावकारी अनुगमन गरेर कारवाही गर्नुपर्छ ।"

बन्दाबन्दीको समयमा आमउपभोक्ताले वस्तु छनोट गर्ने अधिकारबाट वञ्चित हुनु परिरहेको अध्यक्ष तिमल्सिनाले बताए । किराना पसलले उपभोक्ताले बढी खोज्ने सामान अहिले नआएको भन्दै महिनौं थन्किएको सामान बेचिरहेका छन् । यो समयमा ब्राण्ड नै नभएको सामान र म्याद नाघेको सामान रिप्याकिङ गरेर बिक्री हुनसक्ने उनले बताए । बिक्रेता र उत्पादक दुवैको मिलेमतोमा अहिले कमसल सामग्रीको बिक्री हुनसक्ने सम्भावना रहेको छ । स्थानीय सरकारले खाद्यान्न पसल खोल्नका लागि थोरै समय तोकेकाले पनि बजारमा भीडभाड भइरहेको उनले बताए । उनले भने, "कतिपय पालिकाले दिनमा एक दुई घण्टाका लागि मात्रै बजार खोल्दा भीडभाड बढेको, यसले गर्दा सङ्क्रमण फैलने जोखिम छ ।"


वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भने नियमितरूपमा अनुगमन गरेर गल्ती भेटिएमा कारवाही भइरहेको जनाएको छ । विभागले उपभोक्तालाई गुनासो गर्नका लागि ११३५ नंको व्यवस्था गरेको छ । यो नम्वरमा खाद्यान्नमा मूल्यवृद्धिका गुनासो आइरहेको र त्यसकै आधारमा अनुगमन र कारवाही भइरहेको विभागका सूचना अधिकारी रवीन्द्र अधिकारीले बताए । बिक्रेतामार्फत होलसेलसम्म पुगेर अनुगमन गरिएको उनले बताए । बन्दाबन्दीको शुरुमा ६ महिनालाई पुग्ने खाद्यान्न छ भन्ने बिक्रेता अहिले दुई महिना नाघ्दा पहिलेको स्टक सकिएको र नयाँ सामानमा मूल्य बढेर आएको भनिरहेको उनले बताए । उनले भने, "त्यसैले हामीले बिक्रेतासँगै आपूर्तिकर्तालाई पनि कारवाहीको दायरामा ल्याइरहेका छौँ ।"

खाद्यान्नलगायत अत्यावश्यक सामग्रीका पसल कुन कुन समयमा खोल्न दिने भनी नगरपालिकाहरूले फरक फरक समय तोकेका छन् । स्थानीय तहले त्यहाँको आवश्यकताअनुसार समय तय गरे पनि कतिपय उपभोक्ता र बिक्रेताको गुनासो विभागमा आइरहेको छ । भाटभटेनीलगायत सुपरमार्केटलाई लामो समय र अरुलाई किन कम समय भन्ने किसिमका गुनासो आउने गरेको निर्देशक अधिकारीले बताए । उनले भने, "हामीले यस किसिमका गुनासोहरू प्रशासन र स्थानीय तहसँग मिलेर सम्बोधन गरिरहेका छौँ ।"

विभागको ११३५ नम्वरमा बन्दाबन्दीको अवधिमा अहिलेसम्म एक हजार ५५ गुनासो आएको छ । तीमध्ये १६८ स्थानमा कारवाही गरिसकेको छ । चालू आवमा अहिलेसम्म एक हजार ७६५ जनालाई कारवाही भएको बताइएको छ । विभागले बन्दाबन्दीको अवधिमा रु एक करोड ५० लाख जरिवाना गराएको छ । चालू आवमा जरिवानावापत रु तीन करोड दुई लाख तिराइएको विभागले जनाएको छ ।

बन्दाबन्दीको समयमा खाद्यान्न, मास्क, ग्यासको अभाव र मूल्य वृद्धिका गुनासो बढी आएका छन् । बन्दाबन्दीको शुरुका सातामा ग्यास र मास्कको अभावको गुनासो बढी आए पनि अहिले यस्ता गुनासा कम आइरहेका छन् ।

## बन्दाबन्दीको सदुपयोग
# ताराखोलामा औद्योगिक ग्राम निर्माण



**काठमाडौं/मस**–बन्दाबन्दीका कारण जिल्लाका कयौं योजना अलपत्र परेका बेला यहाँको एक गाउँपालिकाले शुरु गरेको औद्योगिक ग्राम निर्माणको काम भने अन्तिम चरणमा पुगेको छ ।

घरेलु तथा साना उद्योगमा लगानी आकर्षित गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्यले नेपाल सरकार र गण्डकी प्रदेश सरकारको सहयोगमा चालू आर्थिक वर्षको असोजदेखि शुरु गरेको औद्योगिक ग्राम निर्माणको कामलाई बन्दाबन्दीको समयमा पनि निरन्तरता दिएपछि यसको निर्माण अन्तिम चरणमा पुगेको हो ।

रु एक करोड ७० लाखको लागतमा आगामी आवदेखि साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गराउने लक्ष्यसहित पालिकाले उद्योगग्रामको संरचना निर्माण गरिसक्ने लक्ष्य राखेको गाउँपालिकाको अध्यक्ष प्रकाश घर्तीले बताए । स्थानीय उत्पादनका दर्जनौं उद्योग सञ्चालन गर्न सकिने भएकाले पहिलो प्राथमिकता दिएर औद्योगिक ग्राम निर्माणको कामलाई तीव्रता दिइएको उनको भनाइ छ ।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयबाट पाएको अनुदान रकमलाई समयमै सदुपयोग गरेर काम थालिएको अध्यक्ष घर्तीले बताए । ताराखोलाले वडा नं १ मा २० रोपनी जमिनमा औद्योगिक ग्राम बनाइरहेको छ । त्यसका लागि गत वर्ष नै जग्गा छनोट र व्यवस्थापन गरिसकेको थियो । ताराखोलामा पाइने कच्चा पदार्थबाट धेरै उद्योग सञ्चालन गर्न सकिन्छ । यसअघि पनि घरघरमा उद्यमी बनाउने योजनाअनुसार धेरैले स्वरोजगार मूलक काम गरिरहेका छन् ।

"यहाँ सञ्चालित स्वरोजगार मूलक व्यवसाय र साना तथा मझौला उद्योगलाई निर्माण हुन लागेको औद्योगिक ग्राममा व्यवस्थापन गर्ने लक्ष्य छ", अध्यक्ष घर्तीले भने, "हामी लक्ष्यको नजिक छौँ, बन्दाबन्दीमा काम रोकिएन, बरु हामीले यसको सदुपयोग गऱ्यौं ।" मजदुर तथा प्राविधिकले सामाजिक दूरी कायम गर्दै आवश्यक सावधानी अपनाएर निर्माणको काममा लागिरहेका छन् ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रुपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लु जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लु जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# मेगा बैंकले गण्डकी विकास बैंकलाई प्राप्ति गर्ने प्रस्ताव पारित




**काठमाडौं/मस**–मेगा बैंक नेपालले गण्डकी विकास बैंकलाई प्राप्ति गर्ने प्रस्ताव पारित गरेको छ । बुधबार काठमाडौंमा भएको बैंकको विशेष साधारण सभामा सञ्चालक समितिका अध्यक्ष भोजबहादुर शाहले गण्डकी विकास बैंकलाई प्राप्ति गर्नका लागि प्रस्ताव गरेका थिए । सोही अनुसार साधरण सभाले प्रस्ताव पारित गरेको बैंकले जानकारी दिएको छ । मेगा बैंक र गण्डकी विकास बैंकको सेयर आदान प्रदान अनुपात १:१ रहेको छ । यो प्राप्ति पछि बैंकको पुँजी, व्यवसायको आकारका साथै शाखा सञ्चालनमा वृद्धि भई 'क' वर्गको वाणिज्य बैंकको रुपमा स्थापित हुने बैंकका अध्यक्ष शाहले जानकारी दिएका छन । सभामा बोल्दै मेगा बैंक नेपालका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले उत्कृष्ट व्यवसाय गरिरहेको गण्डकी विकास बैंकलाई प्राप्ति गरेपछि मेगा बैंकको स्तर अझै बढ्ने बताईन । ग्राहकको विश्वास जित्दै प्रतिष्ठित 'बैंक अफ दि एयर' पुरस्कारबाटसमेत सम्मानित भएको स्मरण गर्दै उनले मेगा बैंकको शाखा सञ्जाल प्राप्ति पछि ५८ जिल्लामा फैलने बताईन । देशका २७ वटा 'क' वर्गका वाणिज्य बैंक मध्ये मेगा बैंक निक्षेपका आधारमा ११ औं स्थान, कर्जाका आधारमा १२ औं स्थान र मुनाफाका आधारमा ११ औं स्थानमा रहने सिइओ खुञ्जेलीले जानकारी दिएकी छिन । उनका अनुसार गण्डकीलाई प्राप्ति गरेपछि बैंकको चुक्ता पुँजी १३ अर्ब १३ करोड रुपैयाँ हुनेछ भने निक्षेप १ खर्ब २५ अर्ब रुपैयाँ भन्दा बढी र कर्जा १ खर्ब ९ अर्ब रुपैयाँ भन्दा बढी हुने भएको छ । त्यस्तै बैंकको शाखा संख्या २०६, एक्सटेन्शन काउन्टर ३०, एटीएम १४२ वटा हुनेछन् । त्यस्तै पोखरामा केन्द्रिय कार्यालय रहेको गण्डकी विकास बैंकको बुधबार सम्पन्न विशेष साधारण सभाले गण्डकीलाई मेगा बैंकले प्राप्ति गर्न स्वीकृति प्रदान गरेको छ ।

गण्डकी विकास बैंकका सञ्चालक समितिका अध्यक्ष शुशील गौचनले यस प्राप्तिका लागि पेश गरेका प्रस्तावलाई विशेष साधारणसभाले पारित गरेको हो ।

९६ शाखा सञ्जाल रहेको गण्डकी विकास बैंकको चुक्ता पुँजी २ अर्ब ७५ करोड रुपैयाँ रहेको छ । दुबै बैंकको विशेष साधारण सभाले स्वीकृति दिएसँगै मेगा बैंकलाई गण्डकी विकास बैंक प्राप्ति गर्नका लागि बाटो खुलेको छ । यसै आर्थिक वर्ष भित्रमा गण्डकी विकास बैंकलाई प्राप्ति गरी संयुक्त कारोबार प्रारम्भ गर्ने गरी तयारी भइरहेको मेगा बैंकका अध्यक्ष शाहले जानकारी दिएका छन ।

# विश्व बैंकद्वारा रु १२ अर्ब ऋण स्वीकृत




**काठमाडौं/मस**–विश्व बैंकले कोभिड-१९ सङ्कट, विद्युत् क्षेत्रको सञ्चालन तथा वित्तीय क्षमता सुधारका निम्ति नेपाल सरकारलाई करिब रु १२ अर्ब उपलब्ध गराउने भएको छ ।

बैंकको कार्यकारी बोर्डले विकास नीति ऋणअन्तर्गत आज उक्त रकम नेपाललाई प्रदान गर्ने निर्णय गरेको हो । नेपालको ऊर्जा क्षेत्रबाट प्राप्त हुने आर्थिक विकासका सम्भावनालाई दृष्टिगत गरी बैंकले नीतिगत प्रमुख विषय, नियमन तथा संस्थागत सुधार गर्न ऋण स्वीकृत गरेको वासिङ्टनडिसीस्थित बैंकको प्रधानकार्यालयले जनाएको छ ।

नेपालको अपार जलस्रोतको सर्वाधिक उपयोग गर्दै विद्युत्को क्षेत्रीय बजारमा बृहत् एकीकरण गर्न तथा नेपाल विद्युत् प्राधिकरणको वित्तीय क्षमता सुधार, प्राधिकरणको नियमन दायरा विस्तार, त्यसको स्वायत्तता, पारदर्शिता, जवाफदेहिता एवं पुनःसंरचनामा सघाउन ऋण रकम स्वीकृत गरिएको बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## प्रदेश ५ लाई ग्लोबल आइएमई बैंकको सहयोग

**काठमाडौं/मस**–ग्लोबल आइएमई बैंकले कोरोना भाईरस विरुद्धको अभियानमा प्रदेश नं. ५ सरकारलाई २५ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । बैंकले बुधबार एक कार्यक्रमकाबीच बैंकको प्रदेश ५ का नायव प्रदेश प्रमुख दिलिप डाँगीले प्रदेश ५ सरकारका मुख्यमन्त्री शंकर पोखरेललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका हुन ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले कोरोना भाईरस विरुद्धको अभियानमा बैंकले गरेको सहयोग महत्वपूर्ण रहने बताए । कोरोनाले आम विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली पनि उच्च जोखिममा रहेको अवस्थामा उक्त सहयोगले कोरोना विरुद्व लड्न थप प्रेरणा र सहयोग हुने बैंकको विश्वास रहेको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**